# संयुक्त प्रेस विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगका लागि)

वि स. २०७६ आषाढ १० गते , मंगलवार

महालेखापरीक्षकको कार्यालय र राष्ट्रिय योजना आयोगद्वारा यही आषाढको ९ र १० गते नगरकोटमा आयोजित दिगो विकास लक्ष्यको २०३० एजेण्डा सम्बन्धी संयुक्त परामर्श बैठकको कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा. डा. श्री पुष्पराज कडेल , माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल, राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरू, महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षकहरू लगायत दुवै निकायका उच्च पदाधिकारीहरुको उपस्थिती रहेको थियो । उक्त कार्यक्रममा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका सहायक आवासीय प्रतिनिधिको समेत सहभागिता रहेको थियो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूले दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगबाट सम्पादित कार्य तथा भावी कार्यदिशाका बारे प्रकाश पार्नु भयो । साथै दिगो विकास लक्ष्यको प्राप्तीको कार्यन्वयनका सन्दर्भमा महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएका सुझाउहरूको कार्यान्वयन गरिने तथा दुवै संस्थाको सहकार्यबाट दिगो विकास लक्ष्यका सन्दर्भमा संचालित कार्यक्रमको कार्यान्वयनमा प्रभावकारीता आउने विश्वास व्यक्त गर्नु भयो । सो कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूबाट दिगो विकासका लक्ष्य कार्यान्वयनका सन्दर्भमा योजनाको तयारी, संचालित कार्यक्रम, प्रगतिको मापन, र अनुगमन तथा मुल्यांकनका लागि आवश्यक सूचना र तथ्यांकमा देखिएका चुनौती तथा कमीमा सुधार गरी सीमित स्रोत साधनको उपलब्धिपूर्ण तवरले उपयोग गर्नुपर्ने विषय औंल्याउनु भयो । साथै सहकार्यका लागि दुवै संस्थाको सहभागितामा कार्यदल गठनका लागि सुझाउ पनि दिनु भयो । दुवै संस्थाका प्रमुखबाट आगामी दिनमा पनि दिगो विकास लक्ष्य सम्बन्धी यस्ता अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिने र बैठकमा व्यक्त गहन सुझाउलाई कार्यान्वयन गरिने भनाई राख्नु भएको थियो ।

सो कार्यक्रममा दुवै संस्थाका पदाधिकारीबाट दिगो विकास लक्ष्यका सन्दर्भमा पेस गरिएका कार्यपत्र उपर छलफल सम्पन्न भयो । महालेखापरीक्षकका कार्यालयको तर्फबाट उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलज्यूले लेखापरीक्षणबाट दिइएका सुझाउको कार्यान्वयनबाट दिगो विकास लक्ष्यको प्राप्तीमा सघाउ पुग्ने क्षेत्र औंल्याउनुका साथै आगामी दिनमा लिईने लेखापरीक्षण रणनीतिका बारेमा तथा राष्ट्रिय योजना आयोगका तर्फबाट सहसचिव श्री खोमराज कोइरालाज्यूले दिगो विकासका लक्ष्य कार्यान्वयनका सन्दर्भमा वर्तमान अवस्था र आगामी कदमका बारेमा कार्यपत्र पेश गर्नु भएको थियो । सो अवसरमा संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका सहायक आवासीय प्रतिनिधिबाट पनि दिगो विकास लक्ष्य प्राप्तीको लागि सुशासनको आवश्यकता र जवाफदेहिताको प्रवर्द्धन गर्नु जरूरी रहेको भनाई राख्नु भएको थियो ।

(विष्णुप्रसाद रिजाल)
नायब महालेखापरीक्षक तथा प्रवक्ता
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाण्डौं

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०७६

(डा. किरण रूपाखेती)
सहसचिब तथा प्रवक्ता
राष्ट्रिय योजना आयोग
सिंहदरवार, काठमाण्डौं